प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
## कृषि विकास निर्देशनालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

# अनुदानमा स्याउको बिरुवा प्राप्त गर्न प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८/०८/२८)

यस निर्देशनालयको स्वीकृत वार्षिक कार्यक्रममा रहेको "स्याउ विशेष कार्यक्रम" र "शितोष्ण फलफूल विकास आयोजना" अन्तर्गतको "उच्च घनत्व बगैंचा विस्तारका लागि बिरुवा खरिद तथा वितरण" कार्यक्रमहरु संचालनार्थ पचहत्तर प्रतिशत (७५%) अनुदानमा उच्च घनत्व प्रविधिमा आधारित उन्नत जातका स्याउका बिरुवा प्राप्त गर्न इच्छुक देहायका जिल्ला तथा क्षेत्रका कृषक, कृषि फर्म, कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाबाट यो सूचना प्रकाशन भएको मितिले १६ दिन (मिति २०७८/०९/१४ सम्म) भित्र देहायका कागजातहरु संलग्न राखी यस निर्देशनालय वा सम्बन्धित जिल्लास्थित कृषि ज्ञान केन्द्रमा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। कार्यक्रम सम्बन्धी थप जानकारीको लागि निर्देशनालयको वेबसाईट add.gandaki.gov.np बाट "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" र "स्याउ खेती विकास सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७" डाउनलोड गरी हेर्न सकिनेछ।

| क.सं. | कार्यक्रम | कार्यक्रम संचालन हुने क्षेत्र |
|---|---|---|
| १. | स्याउ विशेष कार्यक्रम (उच्च घनत्व बगैंचा विस्तारका लागि बिरुवा खरिद तथा वितरण) | मुस्ताङ्ग जिल्लाभर |
| २. | शितोष्ण फलफूल विकास आयोजना (उच्च घनत्व बगैंचा विस्तारका लागि बिरुवा खरिद तथा वितरण) | मनाङ जिल्लाभर, गोरखा (चुमनुब्रि र धार्चे गाउँपालिका), म्याग्दी (धवलागिरी गाउँपालिका वडा नं १), बागलुङ्ग (ढोरपाटन नगरपालिका वडा नं ८ र ९, निसीखोला गाउँपालिका वडा नं ५) र लमजुङ (मर्स्याङ्दी गाउँपालिका वडा नं ५ र ६, दुधपोखरी गाउँपालिका वडा नं १, ३ र ६, क्वोलोसोंथार गाउँपालिका वडा नं २,३ र ४, बेशीसहर न.पा १० र दोर्दी गा.पा वडा नं ६,७ र ८) |

आवश्यक कागजातहरुः

- कार्यविधिको अनुसूची-३ बमोजिमको निवेदन र मापदण्डको बुँदा ५ बमोजिमको प्रस्ताव।
- कृषि फार्म, कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाको हकमा दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि, गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन, नवीकरण गर्नुपर्ने भएमा नवीकरण प्रमाणपत्रको प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि।
- कृषक समूह/कृषि सहकारी संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपि।
- व्यक्तिगत कृषकको हकमा निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि।
- अघिल्ला दुई आ.व. मा अनुदानका लागि प्रस्ताव आह्वान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र।
- बगैंचा स्थापनाको लागि प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा लिज करारमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम २० वर्षको करार सम्झौताको प्रतिलिपि वा मनाङ्ग र मुस्ताङ्ग जिल्लामा भोगाधिकार भएको जग्गामा कार्यक्रम संचालन गर्नेको हकमा जग्गाको संरक्षण तथा स्याउ खेती गर्न पाउने व्यहोरा खुलेको स्थानीय तहको सिफारिस पत्र।

थप जानकारीको लागि सम्पर्कः
कृषि विकास निर्देशनालय, मालेपाटन, पोखरा
फोन नं. ०६१-५२०२७३/०६१-५२०२६३/०६१-५४०८९५
ईमेलः addgandakipradesh@gmail.com

बासुदेव रेग्मी
प्रमुख